मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल ।

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

पत्र सः- ०७९/०८०
चलानी नं:२०७८

श्री बैदेशिक रोजगार सम्बन्धित सबै,
मायादेवी गाउँपालिका, कपिलवस्तु।

मितिः२०८०/०१/१९

विषयः व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा बैदेशिक रोजगार ऐन,२०६४ तथा बैदेशिक रोजगार नियमावली,२०६४ मा भएको व्यवस्था अनुसार बैदेशिक रोजगारीमा जाने इच्छुक नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृति लिएर जाने व्यवस्था रहेको छ । श्रम स्वीकृतिको लागि बैदेशिक रोजगार बिभागको Foreign Employment Information Management System (FEIMS) मार्फत online माध्यम बाट आवेदन हुने गरेको छ । बैदेशिक रोजगारीलाई थप सुरक्षित,व्यवस्थित,मर्यादित,साथै सहज बनाउन निमित्त बैदेशिक रोजगारीमा जानेहरुका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि प्रारम्भिक आवेदन कार्य २०८० बैशाख १ गते देखि सम्बन्धित स्थानिय तहको रोजगार सेवा केन्द्र मार्फत हुने भनि मिति २०७९/१२/१६ गते नेपाल सरकारको मन्त्रिस्तरिय निर्णय अनुसार यस मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पकडी अन्तर्गत स्थापित **रोजगार सेवा केन्द्र** मार्फत आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यवहोरा अनुरोध छ ।

सुरेन्द्र कुर्मी
रोजगार संयोजक

प्रमेश्वर यादव
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

- श्री सबै वडा कार्यालय वडास्तरमा सूचान प्रवाह गरिदिनु हुन ।
- श्री सूचना प्रविधि शाखा पालिकास्तरिय Website तथा अन्य सामाजिक संजाल मा upload गरिदिनु हुन ।

CamScanner